## १३ औँ बैठक

आज मिति २०८२ असार ६ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँकार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पाज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. अध्यक्ष | : | श्री पासाङ नुर्पु शेर्पा |
| २. सदस्य | : | श्री दिछेन शेर्पा |
| ३. सदस्य | : | श्री साङ्बु लामा |
| ४. सदस्य | : | श्री कुमार श्रेष्ठ |
| ५. सदस्य | : | श्री निमा सोना शेर्पा शेर्पा |
| ६. सदस्य | : | श्री टसी शेर्पा |
| ७. सदस्य | : | श्री दावा त्यम्बा तामाङ |
| ८. सदस्य | : | श्री बच्चु घतानी |
| ९. सदस्य | : | श्री आङछिरिङ शेर्पा |
| १०. सदस्य | : | श्री जमुना थामी |
| ११. सदस्य | : | श्री पम्फा वि.क |
| १२. सदस्य | : | श्री रुपा रिमाल लाम्घाते |
| १३. सदस्य | : | श्री निमि शेर्पा |
| १४. सदस्य सचिव | : | श्री दीपक दाहाल |

**आमन्त्रित/सहयोगी कर्मचारीहरु**

श्री गंगाप्रसाद पौडेल, सू.प्र.अ.
श्री कृष्ण प्रसाद कडेल स.पा.ग्रो
श्री एम्जिन ज्ञवाल आ.ले.प
श्री शिवराज रेग्मी लेखा अधिकृत

प्रस्तावहरु

१) विषयगत समितिबाट सिफारिस भएका प्रस्तावहरु सम्बन्धमा ।

२) वडागत सिलीङ अनुसारको बजेट विनियोजन सम्बन्धमा ।

३) आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

४) न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।

५) अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।

६) आ.व २०७५/०७६ देखि आ.व २०८०/०८१ सम्मको महालेखा बेरुजु प्रतिवेदन सम्बन्धमा ।

७) जेष्ठ मसान्त सम्मको आय व्यय विवरण सम्बन्धमा ।

८) झ्यालेभिर त्याङथली अन्थली सडक स्तरोनन्ती तथा मर्मत कार्यको म्याद थप सम्बन्धमा।

९) बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा ।

१०) गोल्ची गुम्बाको लागि अपुग रकम थप गर्ने सम्बन्धमा ।

११) स्थानीय दररेट कायम गर्ने सम्बन्धमा ।

१२) विभिन्न कार्यविधि तथा क्षमता विकास योजना स्वीकृत गर्ने सम्बन्धमा ।

१३) स्थानीय हाइड्रोपावरको शेयर बाँडफाँड सम्बन्धमा ।

१४) योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुने सम्बन्धमा ।

१५) विविध विषयमा ।

NIM

Scanned with CamScanner

**निर्णयहरु**

१) आ.व २०८२/०८३ को लागि सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, वन, वातावरण तथा विपद व्यवस्थापन समिति, सुशासन तथा संस्थागत विकास समिति विषयगत समिति र रोजगार निर्देशन समितिबाट सिफारिस भएका तपसिल बमोजिमको बजेट सम्बन्धी प्रस्तावहरु स्वीकृत गरि १६ औं गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

२) मिति २०८२ जेष्ठ २९ गते बसेको कार्यपालिका बैठकले तय गरेको वडागत सिलीङको आधारमा वडा समितिबाट छनौट भएका अनुसूचीमा उल्लेखित योजनाहरु स्वीकृत गरि १६ औं गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

३) आ.व २०८२/०८३ को लागि विषयगत समितिबाट तयार गरि पेश भएको नीति तथा कार्यक्रममा दफाबार छलफल भई १६ औं गाउँसभाको अधिवेशनमा स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

४) न्यायिक समितिका संयोजक तथा भोटेकोशी गाउँपालिकाको उपाध्यक्ष श्री दिछेन शेर्पाज्यूले पेश गर्नु भएको आ.व २०८१/०८२ मा सम्पादन भएका न्यायिक कार्यहरुको न्यायिक समितिको वार्षिक प्रतिवेदनमा छलफल गरी अनुमोदनको लागि १६ औं गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

५) अनुगमन समितिको संयोजक तथा भोटेकोशी गाउँपालिकाको उपाध्यक्ष श्री दिछेन शेर्पाज्यूले पेश गर्नु भएको चालु आ.व २०८२/०८३ को अनुगमन समितिको प्रतिवेदन माथि छलफल गरी अनुमोदनको लागि गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

६) आ.व. २०७५/०७६ देखि आ.व. २०८०/०८१ सम्म महालेखा परीक्षकको कार्यालयबाट औंल्याइएको बेरुजु प्रतिवेदनमाथि छलफल गरी, आवश्यक प्रमाणहरू पेश

Scanned with CamScanner

भइसकेका तर वेरुजुका रूपमा देखिएका विवरणहरूको फछ्यौंटका लागि सिफारिस गर्न सकिने व्यवस्था भएकाले, यस्ता प्रकृतिका वेरुजुहरू महालेखा परीक्षकको विभागमा प्रमाण सहित वेरुजु फछ्यौंटका गरिदिन गाउँसभा मार्फत सम्परीक्षणको लागि सिफारिस गर्ने निर्णय गरियो ।

७) चालु आ.व २०८१/०८२ को जेष्ठ मसान्त सम्मको देहाय बमोजिमको आयव्यय विवरण माथि छलफल गरियो ।
जम्मा आय – ५५,४०,८७,४३३
चालु खर्च – ६१.०२ %
पुंजीगत खर्च – ५३.५१ %

८) भोटेकोशी गाँउपालिका र अग्रगामी निर्माण सेवा,मध्यपुर ठिमी, भक्तपुर बिच Jhyalebhir Tyangthali Anthali road Upgrading & Maintenance (Contract ID-BRM/WORKS/02/080/081) कार्यका लागि मिति २०८०/११/०६ मा ठेक्का सम्झौता भएको, खरिद सम्झौता बमोजिम उक्त काम २०८१/१२/०६ गते सम्म सम्पन्न गर्न पर्ने सम्झौतामा उल्लेख भएको तर म्याद समाप्त भइसक्दा समेत कार्य सुचारु गरी सम्पन्न गर्ने तर्फ कुनैपनि चासो समेत नदेखिएकोले मिति २०८०/११/०६ मा उपलव्ध गराएको दश लाख रकम पेश्की समेत गाउँकार्यपालिकाको निर्णयानुसार जफत गरिएको र कम्पनीलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ उपदफा २(क) बमोजिम कार्यसम्पादन नगरेको, पेश्कीको दुरुपयोग गरेको, सोही ऐनको को दफा ५९ को उपदफा (७) बमोजिम सम्झौता बमोजिमको काम सुरु नगरेको हुँदा खरिद सम्झौता अन्त्य गर्ने प्रयोजनार्थ उक्त बोलपत्रदातालाई सम्झौता अन्त्य गरी कारबाही प्रकृया अगाडि बढाउनु नपर्ने ठोस कारण भएमा प्रमाण सहित उपस्थित हुन मिति २०८२/०२/०१ गतेको आर्थिक राष्ट्रिय दैनिकमा १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएकोमा उक्त फर्मले २०८२/०२/११ गतेको पत्र सहित Revised Work schedule संलग्न गरि पौष मसान्त सम्म म्याद थप गर्न अनुरोध गर्दै सफाई पेश गरेको हुँदा, सफाई-

मनासिव देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ (क) बमोजिम निर्माण व्यवसायीको ढिलाईका कारण खरिद सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेकोले सम्झौता रकमको दश प्रतिशत रकम नवढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्रा दशमलव शून्य पाँच प्रतिशत रकम खरिद सम्झौतामा उल्लेख भएको पूर्व निर्धिरित क्षतिपूर्ति गाउँपालिकालाई दिने गरी खरिद सम्झौताको SCC 72.3(i) बमोजिम २०८२/०६/१९ गतेसम्म पूर्व निर्धिरित क्षतिपूर्ति तिर्न पर्ने अधिकतम समय कायम गरी २०८२/०६/१९ गतेसम्म आयोजनाको म्याद थप गर्ने निर्णय गरियो ।

९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस भोटेकोशी गाउँपालिकाबाट आह्वान भएका तपशिल बमोजिमको ठेक्का सार्वजनिक खरिद ऐनको दफा २५ बमोजिम सारभुरतरुपमा प्रभावग्राही देखिएकोले सोही ऐनको दफा २७ (२) बमोजिम मिति २०८२/०२/२६ गते आर्थिक राष्ट्रिय दैनिकमा ७ दिने आशयको सूचना प्रकाशन गर्दा सो अवधीमा कुनैपनि बोलपत्रदाताले दफा ४७ बमोजिम निवेदन नगरेको हुँदा तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:

| सि. न | ठेक्का न | योजनाको नाम | स्वीकृत भएको फर्मको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट र PS सहित) |
|---|---|---|---|---|
| १ | BRM/W/NCB/०८१/०८२-१० | Construction Works of Bhairavkunda Village at Chokarmokar ,Bhotekoshi-१ Sindhupalchok | Pradej/Pakhreli/Grass JV,Fasku - ३ Dolakha | NRs. ७२,६३८,५०५.६९ |

१०) भोटेकोशी गाउँपालिका वडा नं. ५ स्थित गोल्ची गुम्वामा विनियोजित चालु आ.व.२०८१/८२ को रु.२५ लाख बजेट रकम मध्येबाट सोही गुम्वाको

डि.पि.आर.मा रु.५ लाख रकम खर्च भएको साथै उक्त गुम्वा निर्माणका लागि प्राविधिकबाट यसै आर्थिक वर्षमा नगरी नहुने कामको मात्र लागत अनुमान तयार गर्दा रु ३५ लाख रकम बराबरको लागत अनुमान तयार भई कार्यपालिकाबाट समेत सोही लागत अनुमान अनुसार निर्माण कार्य अगाडि बढाउने गरी सम्झौता गर्न स्वीकृति प्रदान भएको हुँदा यस चालु आ.व.मा अपुग हुने रु. १५ लाख रकम झ्याले भिर त्याङथली अन्थली सडक स्तरोन्नतिमा विनियोजित रकम मध्येबाट गोल्ची गुम्वामा रकमान्तर गरि भुक्तानी दिन गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

११) भोटेकोशी गाउपालिकाको आ.व. ०८२/८३ का लागी स्थानिय सरकार सन्चालन ऐनको दफा १३ बमोजिम भोटेकोशी गाउपालिकाको क्षेत्रभित्र प्रयोग गर्ने गरी न्युनतम दररेट स्विकृत गर्ने निर्णय गरियो।

१२) भोटेकोशी गाउँपालिकाको विभिन्न कार्य संचालन तथा व्यवस्थापनलाई प्रभावकारी वनाउने कार्यको लागि आवश्यक पर्ने तपसिल बमोजिमका विषयगत कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

- भोटेकोशी गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२
- भोटेकोशी गाउँपालिका स्थानीय संघ संस्था दर्ता नवीकरण सम्बन्धि कार्यविधि, २०८२
- भोटेकोशी गाउँपालिकाको लेखा समितिको कार्य सम्पादन कार्यविधि, २०८२
- नमूना कृषि फर्म स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२
- भोटेकोशी गाउँपालिकाको तातोपानी धारा प्रवर्द्धन तथा व्यवस्थापन कार्यविधि, २०८२
- भोटेकोशी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली, २०८२
- भोटेकोशी गाउँपालिकाको मध्यकालिन खर्च संरचना (MTEF), २०८२
- भोटेकोशी गाउँपालिकाको जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास योजना, २०८२
- भोटेकोशी गाउँपालिकाको विपद प्रोफाइल, २०८२

NIM

Scanned with CamScanner

- भोटेकोशी गाउँपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८२ (दोस्रो संशोधन तथा अद्यावधिक)
- भोटेकोशी गाउँपालिकाको स्वास्थ्य आकस्मिकता योजना (Health Contigency Plan), २०८२

१३) यस गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण स्थानीय हाइड्रोपावरहरुले स्थानीयलाई वितरण गर्ने गरी निर्धारण गरेको हाइड्रोपावरको साधारण शेयरलाई भोटेकोशी का १-५ सबै वडावासीमा समान तरिकाले वितरण हुने व्यवस्था गर्न स्थानीय हाइड्रो पावर कम्पनीहरुलाई आग्रह गर्ने निर्णय गरियो ।

१४) यस भोटेकोशी गाउँपालिकामा अस्थायी, करार तथा ज्यालादारी रुपमा कार्यरत कर्मचारिहरुको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध हुनुपर्ने व्यवस्था भएको हुँदा आ.व २०८२/०८३ बाट यस कार्यालयबाट समेत उक्त कोषमा आवद्ध हुने निर्णय गरियो ।

१५) विविध

क) चालु आ.व २०८१/०८२ मा उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका योजनाहरुको भुक्तानी लिन बाँकि योजनाहरुको यथाशिघ्र भुक्तानी दिइ सक्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ख) श्री तातोपानी माध्यमिक विद्यालय ( साविक तातोपानी आधारभूत विद्यालय) संग भोटेकोशी अनलाइन डान्स प्रतियोगिता सञ्चालन गर्न रु २ लाख विनियोजन भएकोमा पुरस्कार कार्यक्रम गर्न रु ९० हजार अपुग भएको हुँदा शिक्षा तर्फको अतिरिक्त क्रियाकलाप(संगीत/गायन/नृत्य) शिक्षक अनुदान (विद्यालय) शीर्षकवाट भुक्तानी दिने निर्णय गरियो।

Scanned with CamScanner

ग) यस कार्यालयमा विगतदेखि तपसिल बमोजिमको पदमा कार्यरत कर्मचारीहरुको संघीय शसर्त अनुदान रकमले देहाय बमोजिम तलव भत्तामा रकम नपुग्ने हुँदा गाउँपालिकाको करार सेवा शुल्कबाट निजहरुको तलव भत्ता रकम भुक्तानी दिने र अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

| क्रस | पद | संघबाट प्राप्त हुने रकम | नपुग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | ७५% | २५%, चाडपर्व खर्च र पोशाक खर्च | |
| २ | कृषि स्नातक प्राविधिक | चाडपर्व तथा पोशाक भत्ता बाहेकको रकम | चाडपर्व खर्च र पोशाक भत्ता | |
| ३ | न्यायिक सहजकर्ता | ६ महिनाको तलब | ६ महिनाको तलब, चाडपर्व खर्च र पोशाक भत्ता | |
| ४ | MIS Operator | ७ महिनाको तलब, पोशाक भत्ता | ५ महिनाको तलब, चाडपर्व खर्च | |
| ५ | एक गाउँ एक पशु प्राविधिक | ४०% तलब | ६०% तलब, चाडपर्व खर्च र पोशाक भत्ता | |
| ६ | फिल्ड सहायक – १ | ७ महिनाको तलब, पोशाक भत्ता | ५ महिनाको तलब, चाडपर्व खर्च | |
| ७ | फिल्ड सहायक – २ | प्राप्त नहुने | १२ महिनाको तलब, चाडपर्व खर्च र पोशाक भत्ता | |

Scanned with CamScanner

घ) मिति २०८२/०३/०२ गतेको च नं Div 2-60564 अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयनको लागि प्राप्त भएको पत्र अनुसारको सुझावमा छलफल गरियो ।

ङ) बागमती प्रदेश सरकार, सामाजिक विकास कार्यालय, धुलिखेल र भोटेकोशी गाउँपालिकाको लागत साझेदारीमा वडा नं १ मा संचालित पाङ्देव बनाउने तालिम कार्यक्रमको लागि खरिद भएको सिलाई बुनाईसँग सम्बन्धित मेशिनहरु प्रविधि हस्तान्तरण अन्तर्गत सहभागीहरुको लागि सतप्रतिशत अनुदानमा हस्तान्तरण गर्ने निर्णय गरियो ।

च) भोटेकोशी गाउँपालिकामा संचालनमा रहेको एम्बुलेन्स(गाडी नं बा २ झ ५३९०) विग्रि थन्किएको साथै एम्बुलेन्स चालकले समेत सेवाबाट अलग भई पालिका परिसर पार्किङ्ग गरि राखिएकोमा एम्बुलेन्स चालकको व्यवस्था गरी सुचारु गर्न परेकोले उक्त एम्बुलेन्स मर्मतको लागि स्रोत सुनिश्चित नभएको र अत्यावश्यक सेवा भएकोले उम्वुलेनस मर्मत गरी चालु गर्न आ.व. २०८१/०८२ को स्वीकृत स्वास्थ्य तर्फको आपतकालीन स्वास्थ्य उपचार कोषबाट मर्मत रकम भुक्तानी दिने निर्णय गरियो ।

छ) विभिन्न मितिमा प्राप्त निवेदन तथा सिफारीसको आधारमा तपसिल बमोजिमका व्यक्तिहरुलाई आकस्मिक स्वास्थ्य उपचार कोष शिर्षकवाट स्वास्थ्य उपचार प्रयोजनार्थ आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्रस | लाभग्राही | ठेगाना | आर्थिक सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १. | तेम्बा छिरिङ शेर्पा | भोटेकोशी गा.पा-०४ | ७५,००० | |
| २. | मन्जु थामी | भोटेकोशी गा.पा-०२ | ७५,००० | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३. | पासाङ तामाङ | भोटेकोशी गा.पा-०३ | ७५,००० | |
| ४. | निमा वाङगेल शेर्पा | भोटेकोशी गा.पा-०३ | ७५,००० | |

ञ) लुम्विनी विश्व विद्यालय र यस गाउँपालिकाबीच भएको चीनियाँ भाषा अध्ययन सम्वन्धमा भएको द्विपक्षीय सम्झौता बमोजिम उक्त विश्व विद्यालयको अध्ययन तथा अवलोकन भ्रमणका टोलीहरुको अतिथि सत्कार गर्नु परेको र संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आर्थिक प्रशासन शाखाबाट आयोजित बेरुजु फछ्र्यौट सम्वन्धी कार्यक्रममा सहभागि टोलीले भोटेकोशी गाउँपालिकामा भ्रमण गरेको होटलबास खर्चको रकम भुक्तानीको लागि प्राप्त भएको हुँदा भोटेकोशी अरनिको रिसोर्टको विल बमोजिमको रकम विविध खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

झ) भोटेकोशी गाउँपालिका वडा नं १ बस्ने श्री डम्बर बहादुर तामाङको घर आगोलागी भई गाउँपालिकाबाट नियमानुसार रु २५ हजार उपलब्ध गराइएको भएता पनि निजको आर्थिक अवस्था कमजोर भएको र घरको छानो छाउन नसकेको भनी वडा कार्यालयबाट प्राप्त भएको सिफारिस अनुसार जस्तापाता खरिद लगायतका कार्यको लागि थप रु २५ हजार आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ञ) आगामी आ.व २०८२/०८३ को लागि नीति कार्यक्रम तथा योजना तयार प्रयोजनार्थ मिति २०८२ असार ८ गते बिहान ११:०० बजे कार्यपालिका बैठक बस्ने निर्णय गरियो ।

Scanned with CamScanner